नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## ऋणी माउण्ट एभरेष्ट ब्रुअरी प्रा.लि. को नाममा रहेको सुरक्षण जग्गा, औद्योगिक मिल-मेशिनरी लगायतका चल-अचल सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने बारेको सहवित्तीयकरण बैंकहरुको तर्फबाट नेपाल बैंक लिमिटेडले जारी गरेको ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/१२/१७ )**

चितवन जिल्ला, भरतपुर महानगरपालिका स्थित ऋणी माउण्ट एभरेष्ट ब्रुअरी प्रा.लि. (सञ्चालक श्री दमन बहादुर अमात्य समेत) ले सहवित्तीयकरण कर्जा अर्न्तगत अगुवा बैंक यस नेपाल बैंक लिमिटेड तथा सहभागी बैंकहरु राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, तत्कालीन नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैंकमा गाँभिएको), नबिल बैंक लिमिटेड र हिमालयन बैंक लिमिटेड समेतबाट लिएको विभिन्न कर्जाको समयमा बुझाउनुपर्ने साँवा, किस्ता र पाकेका ब्याज नबुझाई बाँकी राखेकोले सो कर्जा राफसाफको लागी सहवित्तीयकरण बैंकहरु र ऋणी बीच भएको पुनरसंरचना सम्झौताको शर्त समेत पालना नगरी समय गुजारीसकेको तथा सहवित्तीयकरण बैठकले कर्जा राफसाफ गर्न प्रदान गरेको समयमा तिर्नु बुझाउनु पर्ने रकम नबुझाई शर्त बन्देज पालना नगरेको र कर्जा लिँदा दिईराखेको शर्त बन्देज तथा पुनरसंरचना र/वा कर्जा राफसाफका शर्त बन्देज र सहवित्तीयकरणमा सहभागी बैंक तथा वित्तीय संस्थाको नियम उल्लंघन गरेको हुँदा सहभागी बैंक तथा वित्तीय संस्थालाई लेखिदिएको सुरक्षण पारिपासु तमसुकमा उल्लेख गरिएको शर्त बन्देज र सहभागी बैंक वित्तीय तथा संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी उक्त पारिपासु तमसुकमा उल्लेख गरे बमोजिम ऋणी कम्पनीको नाममा रहेको तपसिलका चल-अचल सम्पत्ति र मिल मेशिनरीहरु साथै कम्पनीको नाममा पछि आर्जन भएको चल-अचल सम्पत्तिहरुसमेत जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा उक्त चल अचल सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति वा फर्मबाट आफूले के-कति मूल्य तिरी लिने हो मूल्य खोली नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन सम्बन्धित अफिसमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा निम्नानुसारको शर्तनामालाई पालना गरी गोप्य सिलबन्दी बोलपत्र यस विभागमा पेश गर्नुहुन गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

### तपसिल

| सं. | सुरक्षण धनीको विवरण | सुरक्षणको ठेगाना | कित्ता नं. | क्षेत्रफल (विगाहा) | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १. | माउन्ट एभरेष्ट ब्रुअरी प्रा.लि. | चितवन जिल्ला साविक भरतपुर-६/क, गोन्द्राङ | २३३, २३४, २३५, २९१, २९२, ३९६, ६२० र ६२१ | ४-५-९.५ | रु. ५,०००/- |

माथि उल्लेखित जग्गा साथै कम्पनीको सम्पूर्ण चल-अचल सम्पत्ति र उपरोक्त जग्गाहरुमा बनेको घर, कारखाना, टहरा, कम्पाउण्ड पर्खाल लगायतका सम्पूर्ण श्रीसम्पत्ति तथा सो घर, भवन, कारखानामा हाल जडान भईरहेको सम्पूर्ण मिल तथा सो सम्बन्धी सम्पूर्ण मेशिनरी सामानहरु, कच्चा पदार्थ, अर्ध तयारी एवं तयारी सामान र सम्पूर्ण लिगलगापात समेत ।

### शर्त तथा बन्देज

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।

२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, मिल मेशिनरी, घर, टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन अर्थात मिति २०७९/०१/२१ गते भित्र, उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन कार्यालय समय ५:०० बजे भित्र गोप्य सिलबन्दी बोलपत्र पेश गरीसक्नुपर्नेछ ।

४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको ड्राफ्ट वा कम्तिमा ३ (तीन) महिनाको म्याद भएको सहवित्तीयकरणमा सहभागी बैंकहरु (नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नबिल बैंक लिमिटेड र हिमालयन बैंक लिमिटेड) बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे यस बैंकको प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु तथा सरकारी प्रतिनिधिहरुको रोहवरमा सिलबन्दी बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।

८. जग्गा, घर टहरा र मिल मेशिनरीसँग सम्बन्धित कागजात हेर्न चाहनेले यस बैंकको प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा ने.बै.लि. नारायणगढ शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।

९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।

१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भएमा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

११. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

१२. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।